# कर्णाली प्रदेश जिन्सी मालसामान लिलाम बिक्री निर्देशिका
# २०७७

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत

## भूमिका

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा नियमावली, २०७५ अनुसार यस कर्णाली प्रदेश अन्तर्गतका विभिन्न कार्यालयहरुको सम्पत्ति लिलाम सम्बन्धी कार्य गर्दा एकरुपता कायम होस् भन्ने उद्देश्यले प्रदेश सरकारका विभिन्न निकायहरुको स्वामित्वमा रहेका वा कुनै किसिमले प्राप्त हुन आएका मालसामानहरु लिलाम गर्ने प्रकृया स्पष्ट पार्ने उदेश्यले प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम १२३ वमोजिम यो लिलाम कार्यविधि तयार गरी लागू गरिएको छ।

यो लिलाम कार्यविधिले कर्णाली प्रदेश सरकार अन्तर्गतका निकायहरुको सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रियालाई स्पष्ट पारेको छ। मालसामान, यन्त्र, औजार उपकरण लगायत जिन्सी सामानहरुको ह्रासकट्टी दर पनि तोकिएको छ।

यो कार्यविधिलाई व्यवस्थित गर्न मिहिनेत गर्ने यस कार्यालयका लेखा अधिकृत श्री मीनबहादुर ठाडा र सहायक कम्प्युटर अपरेटर श्री मिलन के.सी. लगायत अन्य कर्मचारीलाई धन्यवाद दिन्छु।

.........................
**(मानबहादुर बम)**
प्रदेश लेखा नियन्त्रक

**विषय–सूची** **पृष्ठ**


परिच्छेद - १ १
संक्षिप्त नाम र प्रारम्भ १
१. संक्षिप्त नाम र प्रारम्भ १
२. परिभाषा १

परिच्छेद - २ ३
लिलाम गर्नुपर्ने मालसामान ३
३. जिन्सी निरीक्षण गर्नुपर्ने ३
४. लिलाम बिक्रीका लागि मालसामानको पहिचान ३

परिच्छेद - ३ ४
लिलाम बिक्रीको स्वीकृति ४
५. बेकम्मा ठहरिएका मालसामान लिलाम गर्न स्वीकृति दिने प्रकृया ४
६. मूल्याङ्कन समिति गठन ४
७. लिलाम गर्ने तरिका ५

परिच्छेद -४ ६
डांक बढाबढद्वारा लिलाम बिक्री ६
८. सूचना प्रकाशन गर्नुपर्ने ६
९. कार्यालयमा सूचना टाास गर्नुपर्ने ६
१०. डांक बढाबढको प्रक्रिया ६
११. डााक बढाबढ रद्द गर्नुपर्ने ७

परिच्छेद - ५ ८
बोलपत्रद्वारा लिलाम बिक्री ८
१२. सूचना प्रकाशन गर्नुपर्ने ८
१३. कार्यालयमा सूचना टाास गर्नुपर्ने ८
१४. बोलपत्र दस्तुर ८
१५. बोलपत्र सम्बन्धी व्यवस्था ८
१६. बोलपत्र रद्द गर्नुपर्ने ९
१७. सिधै बिक्री गर्नुपर्ने वा लगत कट्टा गर्नुपर्ने ९

परिच्छेद - ६ १०
विविध १०
१८. केन्द्रीयस्तरको समितिको व्यवस्था ११
१९. निर्माण भएका भौतिक संरचना भत्काई लिलाम गराउने प्रकृया १०
२०. लिलाम बिक्रीवाट प्राप्त रकम जम्मा गर्ने ११
२१. प्रतिवेदन दिनुपर्ने ११
२२. प्रचलित ऐन तथा नियमावली बमोजिम हुने ११

अनुसूची - १ १२
ह्रास कट्टी दर १२

अनुसूची - २ १४
पूर्ण व्यहोराको सूचना १४

अनुसूची - ३ १५
पत्रिकामा प्रकाशन गर्दा प्रयोग गर्नु पर्ने संक्षिप्त सूचना १५

अनुसूची - ४ १६
डााक बढाबढको मुचुल्का १६

अनुसूची - ५ १७
सम्झौताको नमूना १७

# मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०७७/३/२८



**कर्णाली प्रदेश जिन्सी मालसामान लिलाम बिक्री निर्देशिका, २०७७**

**प्रस्तावना:** कर्णाली प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई विभिन्न स्रोतबाट प्राप्त भएका, कार्यालयले आफै खरिद गरी प्रयोग गरेका कार्यालय सामान, सवारी साधन, फर्निचर, मेशिनरी औजार, सवारी साधन जस्ता जिन्सी मालसामानको निश्चित अवधिको उपयोग पश्चात काममा आउन नसक्ने, टुटफुट भई बेकम्मा हुने र पुनः मर्मत नहुने भएकाले त्यस्ता मालसामानको लिलाम कार्यलाई व्यवस्थित गर्न कर्णाली प्रदेश आर्थिक कार्याविधि नियमावली, २०७५ को नियम १२३ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "कर्णाली प्रदेश जिन्सी मालसामान लिलाम बिक्री निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रस□ले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यालय" भन्नाले प्रदेश सरकारका सबै मन्त्रालय, सचिवालय, विभाग र सो मातहतका सबै अन्य सरकारी कार्यालय वा निकाय सम्झनु पर्छ ।

(ख) "डांक बढाबढ" भन्नाले कार्यालयले तोकेको शर्त, स्थान र समयमा मालसामानको लिलाम बिक्रीमा सकारकर्ता सहभागी भई न्यूनतम मूल्यमा बढाबढ वा घटाघटको बोली लगाई मूल्यमा प्रतिस्पर्धा गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ग) "न्यूनतम मूल्य" भन्नाले मालसामानको बोलपत्र तथा डांक बढाबढद्वारा लिलाम बिक्रीका लागि परल मूल्यमा ह्रास कट्टी बापतको मूल्य घटाई बाकी हुन आउने रकममा कार्यालयले तोकेको मूल्यलाई सम्झनु पर्छ ।

(घ) "परल मूल्य" भन्नाले सुरुमा खरिद गर्दाको इन्भ्वाइस मूल्य, भन्सार छूट सुविधा प्राप्त गरिएको भए इन्भ्वाइस मूल्यमा भन्सार शुल्क समेत जोडी निकालेको मूल्य, मालसामानलाई प्रयोग गर्ने स्थान सम्म ल्याउदाको खर्च र सामानको कुनै भागमा नयाा उपकरण जडान गरी वा ओभरहल गरी पूजिगत मूल्य बढाउन गरिएको खर्च समेत जोडिएको मूल्यलाई सम्झनु पर्छ ।

(ङ) "बोलपत्र" भन्नाले कार्यालयले लिलामका लागि प्रकाशन गरेको सूचना अनुरुप सो कार्यालयले तोकेको ढाचामा सकारकर्ताले पेश गरेको मूल्य खुल्ने कागजात प्रस्ताव वा सकार गरेको रकम सम्झनु पर्छ ।

(च) "मालसामान" भन्नाले जुनसुकै कारणबाट जफत गरिएका/भएका मेशिन, उपकरण, सवारी साधन वा मालसामानहरु र कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा पुरानो भई काममा आउन नसक्ने, टुटफुट भई बेकम्मा भएका र पुनः मर्मत नहुने भनी किटानी भएका कार्यालय सामान, फर्निचर, मेशिनरी औजार उपकरण, सवारी साधन वा अन्य सामानलाई सम्झनु पर्छ ।

(छ) "लिलाम" भन्नाले बोलपत्र वा डांक बढाबढद्वारा निश्चित शर्त र प्रक्रियामा कार्यालयले जिन्सी मालसामान बिक्री वितरण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ज) "सकारकर्ता" भन्नाले लिलाम बिक्रीमा भाग लिन बोलपत्र पेश गर्ने वा डांक बढाबढ गर्ने नेपाली व्यक्ति, फर्म, संस्था वा कम्पनी सम्झनु पर्छ ।

(झ) "ह्रासकट्टी" भन्नाले मालसामानको निश्चित समयको उपयोग पश्चात सो को क्षमता, गुणस्तर र टिकाउपनामा आउने कमीलाई परल मूल्यको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गर्ने गरी अनुसूची - १ मा तोकिएको दरलाई सम्झनु पर्छ ।





## परिच्छेद - २
## लिलाम गर्नुपर्ने मालसामान

३. **जिन्सी निरीक्षण गर्नुपर्नेः** (१) प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र जिन्सी निरीक्षण गरी प्रतिवेदन दिनु पर्नेछ । जिन्सी निरीक्षण गर्दा सामान्यतः निम्न अवस्था विद्यमान भएका बेकम्मा मालसामानलाई स्पष्ट किटान गरी उल्लेख गर्नु पर्नेछः-

(क) मालसामान जुन कामका लागि राखिएको हो सो काममा प्रयोग गर्न नसिकने भएको,

(ख) सुरु खरिद गरिएको मितिबाट दश वर्ष भन्दा बढी अवधि पुगेको,

(ग) मालसामान बिग्रिएको र सो को मर्मत गर्न स्पेयर पार्टस कुनै माध्यमबाट प्राप्त गर्न नसकिने भएको,

(घ) मालसामान बिग्रिएको र त्यसको मर्मत गर्दा सोही मालसामानको बजार मूल्यको २५ प्रतिशत भन्दा बढी लाग्ने देखिएको,

(ङ) सुरु मूल्य र सुरु साल नखुलेको अवस्थामा बाहेक अनुसूची - १ मा उल्लेखित ह्रास कट्टीको दर लगाई मालसामानको किताबी मूल्य निकाल्दा परल मूल्यको ५ प्रतिशत वा सो भन्दा कम मात्र रहन गएको ।

४. **लिलाम बिक्रीका लागि मालसामानको पहिचानः** (१) कार्यालयले आफूसाग रहेका देहायबमोजिमका मालसामानहरु लिलाम बिक्री गर्नु पर्नेछः-

(क) जिन्सी निरीक्षण प्रतिवेदनमा पुरानो भई काममा आउन नसक्ने, टुटफुट भई बेकम्मा भएका र पुनः मर्मत नहुने भनी किटानी भएका मालसामानहरु ।

(ख) जुनसुकै कारणबाट जफत गरिएका/भएका मेशिन, उपकरण, सवारी साधन वा मालसामानहरु ।

## परिच्छेद - ३
## लिलाम बिक्रीको स्वीकृति

५. **बेकम्मा ठहरिएका मालसामान लिलाम गर्न स्वीकृति दिने प्रकृयाः** (१) तीनलाख सम्म परल मूल्य भएका मेशीनरी औजार तथा भारी उपकरण र सवारी साधन, साईकल जस्ता मालसामानहरुको लिलामको स्वीकृति कार्यालय प्रमुखले आर्थिक प्रशासन शाखा प्रमुख र जिन्सी अधिकृत वा जिन्सी शाखा प्रमुखको रायमा दिन सक्नेछ ।

(२) परल मूल्य नखुलेको उपदफा (१) बमोजिमका मालसामानहरुको हकमा आर्थिक प्रशासन शाखा प्रमुख, जिन्सी अधिकृत वा जिन्सी शाखा प्रमुखको समेतको रायमा रु एकलाख रुपैया वा सो भन्दा कम मूल्यांकन गरिएको रहेछ भने त्यस्तो मालसामानको समेत गरी दुवै गरेर चारलाख रुपैयाा सम्मको छ महिनाभित्र लिलाम गर्ने गरी कार्यालय प्रमुखले स्वीकृति दिनु पर्नेछ ।

तर घरजग्गा जस्ता स्थिर सम्पत्ति प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबेगर लिलाम बिक्री गर्न पाईने छैन ।

६. **मूल्याङ्कन समिति गठनः** (१) परल मूल्य नखुलेका मालसामान मेशीनरी औजार तथा भारी उपकरण र सवारी साधन साईकल जस्ता मालसामानहरु र दफा ५ को उपदफा (२) मा उल्लेखित मूल्य भन्दा बढी परल मूल्य भएका मालसामानको हकमा मूल्यांकन गर्न मन्त्रालय, सचिवालय निर्देशनालय र राजपत्रााकित प्रथम श्रेणी वा एघारौ तहको कार्यालय प्रमुख भएको कार्यालयको हकमा देहाय बमोजिमको पदाधिकारी रहने समिति रहनेछः-

(क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकारी - अध्यक्ष

(ख) कार्यालय प्रमुखले तोकेको मालसामान विशेषज्ञ - सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(२) परल मूल्य नखुलेका मालसामान मेशीनरी औजार तथा भारी उपकरण र सवारी साधन, साईकल र दफा ५ को उपदफा (२) मा उल्लेखित मूल्य भन्दा बढी परल मूल्य भएका मालसामानको हकमा मूल्यांकन गर्न अन्य सबै कार्यालयको हकमा देहाय बमोजिमको पदाधिकारी रहने समिति रहनेछः

(क) कार्यालय प्रमुखले वा निजले तोकेको अधिकृत - अध्यक्ष

(ख) कार्यालय प्रमुखले तोकेको सम्बन्धित विषयको अधिकृत स्तरको प्राविधिक प्रतिनिधि - सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयले तोकेको प्रतिनिधि - सदस्य

(३) परल मूल्य दशलाख भन्दा बढी मूल्य पर्ने वा विशेष प्रकारको मालसामान रहेछ भने दफा ६ को उपदफा (१) बमोजिमको समितिले २ जना सम्म सो मालसामानसम्बन्धि विषयका प्राविधिक आमन्त्रण गर्न सक्नेछ ।



(४) दफा ६ अनुसारको समितिको सिफारिस प्राप्त भएपछि परल मूल्य खुलेकोमा दशलाख रुपैयाासम्म र परल मूल्य नखुलेकोमा मूल्याकंन हुंदा दुईलाख रुपैयासम्म र दुबै गरी जम्मा बाह्रलाख रुपैया मूल्य सम्मको जिन्सी मालसामानको लिलाम गर्ने स्वीकृति कार्यालय प्रमुखले दिन सक्नेछ ।

(५) उपदफा (३) मा उल्लेखित सीमा भन्दा बढी मालसामानको लिलाम गर्ने स्वीकृतिको लागि सबै व्यहोरा खुलाई निर्देशनालय भए निर्देशनालय वा निर्देशनालय नभए सम्बन्धित तालुक निकाय, सचिवालय वा मन्त्रालयमा पेश गर्नु पर्दछ ।

७. **लिलाम गर्ने तरिकाः** (१) कार्यालयले दफा ५ मा उल्लेख गरिएको प्रकृया अनुसार लिलाम गर्ने मालसामान स्वीकृति भई सकेपछि कार्यालय प्रमुखले लिलाम गर्ने आदेश दिनु पर्दछ । मालसामानको लिलाम निम्न दुई तरिकाले गर्न सकिनेछः-

(क) डांक बढाबढ गराएर ।

(ख) बोलपत्र माग गरेर ।

## परिच्छेद - ४
## डांक बढाबढद्वारा लिलाम बिक्री

८. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) कार्यालयले दफा ९ मा उल्लेखित मूल्यभन्दा बढी मूल्यको मालसामान लिलाम बिक्री गर्नुपरेमा अनुसूची - ३ बमोजिमको ढाचामा राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गरिएको सूचनाको म्याद २१ दिनको हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशन गरिएको सूचनाको जानकारी तोकिएको म्यादको सुरु पहिलो दिनमै अनुसूची २ बमोजिमको ढाचामा दफा ९ मा उल्लेखित कार्यालयहरुलाई दिनु पर्नेछ ।

९. **कार्यालयमा सूचना टाँस गर्नुपर्नेः** (१) परल मूल्य नखुलेकोमा लिलामको लागि मूल्याङ्कित एकलाख रुपैयाा वा परल मूल्य खुलेकोमा तीनलाख रुपैयाा सम्मको मालसामान कायम भएको मूल्यको सूचना आˆ नो कार्यालयको अतिरिक्त निम्न कार्यालयहरुमा सूचना टांस गर्न पठाउनु पर्नेछः-

(क) कार्यालय नजिक रहेको नगरपालिका वा गााउपालिकाको कार्यालय,

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालय ।

१०. **डांक बढाबढको प्रक्रियाः** (१) कार्यालयले मालसामानको डांक बढाबढको प्रक्रियाबाट लिलाम बिक्री गराउदा निम्न बमोजिम हुने गरी गर्नुपर्नेछः

(क) सूचनामा उल्लेखित म्याद भित्र सो लिलाम बढाबढमा भाग लिन ईच्छुक सकारकर्ताले आˆ नो परिचय खुल्ने कागजात र न्यूनतम मूल्यको दश प्रतिशत नगद धरौटी राखी निवेदन दिनु पर्नेछ ।

(ख) दुई वा सो भन्दा बढी डांक बोल्ने व्यक्ति नआई डांक बढाबढ सुरु गराउनु हुादैन ।

(ग) डांक वढाबढ न्यूनतम मूल्यबाटै शुरु गराउनु पर्नेछ ।

(घ) प्रत्येक पटक डांक बोल्न चाहनेबाट निजले बोल्न चाहेको मूल्यको पााच प्रतिशतले हुने गरी थप नगद धरौटी लिनु पर्दछ ।

(ङ) तोकिएको समय सकिने वित्तिकै अन्तिम डांक बोल्ने व्यक्तिले कबुल गरेको सबैले सुन्ने गरी यो नै अन्तिम मूल्य भयो भनी घोषणा गर्नु पर्दछ ।

(च) डांक बढाबढमा उपस्थित सबैको रोहबरमा अधिकतम डााक बोल्नेको नाम, ठेगाना र अंक उल्लेख गरी अनुसूची - ४ बमोजिमको मुचुल्का गराउनु पर्नेछ ।

(छ) लिलाम सकार गरेको तीन दिन भित्र सकारकर्तासाग अनुसूची - ५ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

(ज) सम्झौतामा तोकिएको म्याद भित्र मालसामान उठाउन नआएमा धरौटी रकम जफत गरी क्रमशः दोस्रो, तेस्रो वा चौथो घटीवालालाई मालसामान उठाउन आमन्त्रण गर्नु पर्नेछ । यसरी दोस्रो, तेस्रो वा चौथो घटीवालासाग सम्झौता गर्दा समेत मालसामान नउठाएमा धरौटी जफत गरी पुनः डांक





बढाबढको प्रक्रिया अगाडी बढाउनु पर्नेछ । तर सबै भन्दा बढी कवुल गरेको रकमबाट जफत गरिएको धरौटी घटाउादा हुन आउने रकम भन्दा क्रमशः दोस्रो, तेस्रो वा चौथो बढीवालाले कबुल गरेको रकम कम हुन गएमा सो लिलाम कारवाही रद्द गरी पुनः लिलाम बढाबढ गराउनु पर्नेछ ।

(झ) लिलाम बिक्री गर्दा पहिलो पटक लिलाम बिक्री हुन नसकेमा ७ दिनको म्याद दिई पुनः लिलाम बिक्रीको कारबाही गर्नु पर्नेछ । पुनः लिलाम बिक्रीको कारवाही गर्दा पनि लिलाम हुन नसकेमा कायम मूल्यमा नघट्ने गरी सिधै वार्ताबाट बिक्री गर्न सकिनेछ ।

(ञ) यसरी वार्ताबाट पनि मालसामान लिलाम बिक्री नभएमा पुनःमूल्याकन गरी माथि उल्लेखित प्रक्रिया अपनाई लिलाम गर्नु पर्नेछ ।

११. **डाँक बढाबढ रद्द गर्नुपर्नेः** (१) देहायको अवस्थामा कार्यालयले लिलाम बिक्रीका लागि आ□वान गरेको डांक बढाबढ रद्द गर्न सक्नेछ ।

(क) पहिलो पटकको सूचना अनुसार डााक बोल्न एक जना मात्र आएमा वा कोही पनि नआएमा,

(ख) पहिलो पटकको लिलाम कारवाहीमा न्यूनतम मूल्यसम्म पनि कबुल हुन नआएमा ।

## परिच्छेद - ५
## बोलपत्रद्वारा लिलाम बिक्री

१२. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) बोलपत्रद्वारा मालसामान लिलाम बिक्री गर्दा अनुसूची - ३ बमोजिमको ढााचामा राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गरिएको सूचनाको म्याद २१ दिनको हुनेछ ।

१३. **कार्यालयमा सूचना टाँस गर्नुपर्नेः** (१) परल मूल्य नखुलेकोमा लिलामको लागि मूल्याङ्कित एकलाख रुपैयाा वा परल मूल्य खुलेकोमा तीनलाख रुपैयाा भन्दा बढीको मालसामान कायम भएको मूल्यको सूचना आˆ नो कार्यालयको अतिरिक्त अनुसूची - २ बमोजिमको ढााचामा निम्न कार्यालयहरुमा सूचना टांस गर्न पठाउनु पर्नेछः-

(क) कार्यालय नजिक रहेको नगरपालिका वा गााउपालिकाको कार्यालय,

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालय ।

१४. **बोलपत्र दस्तुरः** (१) लिलाम बिक्रीका लागि बोलपत्रको दस्तुर निम्न बमोजिम हुनेछ ।

(क) दश लाख रुपैयाा सम्म न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि - एकहजार रुपैयाा ।

(ख) दश लाख रुपैयाा भन्दा जतिसुकै माथिको बोलपत्रको लागि - दुईहजार रुपैयाा ।

१५. **बोलपत्र सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले बोलपत्रबाट मालसामानको लिलाम बिक्री गराउदा निम्न बमोजिम हुने गरी गर्नुपर्नेछः

(क) सूचनामा उल्लेखित म्याद भित्र सो बोलपत्रमा भाग लिन ईच्छुक सकारकर्ताले आवश्यक कागजात सहित बोलपत्र दस्तुर बुझाई लिलाम गर्ने कार्यालयबाट कार्यालय प्रमुखको सहिछाप सहितको बोलपत्र खरिद गर्न सक्नेछ ।

(ख) सूचनामा तोकेको म्यादभित्र आफुले कबुल गरेको अंकको दश प्रतिशत धरौटी खातामा जम्मा गरेको भौचर वा बैंक जमानत सहित बोलपत्र पेश गर्नु पर्नेछ ।

(ग) लिलाम गर्ने कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी, अन्य कार्यालयबाट तोकेको प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा म्यादभित्र पेश भएका बोलपत्र खोल्नु पर्नेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको अवस्थामा समेत बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(घ) बोलपत्र खोलेपछि रीत पुगेका र नपुगेकालाई छुट्याई व्यहोरा जनाई उपस्थित सबैको दस्तखत गराउनु पर्नेछ ।

(ङ) रीत पुगेका बोलपत्रहरुको मात्र सूची बनाई सबैभन्दा बढी कबुल गर्नेको बोलपत्र स्वीकृत गर्न सकिनेछ । तर कायम गरेको न्यूनतम मूल्य भन्दा कम हुने गरी बोलपत्र स्वीकृत गर्नु हुादैन ।



(च) सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत भए पछि निजसाग कबोल अंक बराबरको रकम दाखिला गरी सम्झौता पश्चात मालसामान उठाउने म्यादको लिखित जानकारी गराउनु पर्दछ । मालसामान उठाउने म्याद अवस्था हेरी सात देखि एक्काइस दिन सम्म दिन सकिनेछ ।

(छ) सम्झौतामा तोकिएको म्याद भित्र मालसामान उठाउन नआएमा धरौटी रकम जफत गरी क्रमशः दोस्रो, तेस्रो वा चौथो घटीवालालाई मालसामान उठाउन आमन्त्रण गर्नु पर्नेछ । यसरी दोस्रो, तेस्रो वा चौथो घटीवालासाग सम्झौता गर्दा समेत मालसामान नउठाएमा धरौटी जफत गरी पुनः बोलपत्रको प्रक्रिया अगाडी बढाउनु पर्नेछ । तर सबै भन्दा बढी कबुल गरेको रकमबाट जफत गरिएको धरौटी घटाउादा हुन आउने रकम भन्दा क्रमशः दोस्रो, तेस्रो वा चौथो बढीवालाले कबुल गरेको रकम कम हुन गएमा सो लिलाम कारवाही रद्द गरी पुनः लिलाम बढाबढ गराउनु पर्नेछ ।

१६. **बोलपत्र रद्द गर्नुपर्नेः** (१) देहायको अवस्थामा कार्यालयले लिलाम बिक्रीका लागि आ□वान गरेको बोलपत्र रद्द गर्न सक्नेछः

(क) एउटा मात्र रीतपुर्वकको बोलपत्र परेमा वा एउटा पनि बोलपत्र नपरेमा ।

(ख) पहिलो पटकको लिलाम कारबाहीमा न्यूनतम मूल्यसम्म पनि कबुल हुन नआएमा ।

१७. **सिधै बिक्री गर्नुपर्ने वा लगत कट्टा गर्नुपर्नेः** (१) डांक बढाबढ वा बोलपत्रबाट पुनः लिलाम गर्दा पनि मालसामान बिक्री गर्न नसकिएमा तालुक निकायको स्वीकृति लिई कार्यालय प्रमुखले देहायका प्रतिनिधिको रोहवरमा मूल्य कायम गरी सिधै बिक्री गर्न सक्नेछः

(क) सम्बन्धित विषयको प्राविधिक कर्मचारी

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको कर्मचारी

(२) उपदफा (१) बमोजिम सिधै बिक्री गर्न नसकिएमा तालुक निकायबाट निर्णय गराई त्यस्तो मालसामानको लगत कट्टा गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## विविध

१८. **केन्द्रीयस्तरको समितिको व्यवस्थाः** (१) दफा ६ को उपदफा (५) बमोजिम कार्यालयबाट प्रतिवेदन प्राप्त भएपछि परल मूल्य खुलेकोमा दशलाख रुपैयाा भन्दा बढी र परल मूल्य नखुलेकोमा अनुमानित मूल्याङ्कन गर्दा दुईलाख रुपैयाा भन्दा बढीको ठहर भएमा तालुक निकायले मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निम्नानुसार गठन हुने समितिले मूल्याङ्कन गराई स्वीकृति दिन सक्नेछः-

(क) सम्बन्धित सचिव वा निर्देशनालय प्रमुखले तोकेको राजपत्राकित द्वितिय श्रेणी (कम्तीमा नवौ तह) को अधिकृत - अध्यक्ष

(ख) सम्बन्धित विषयको ईन्जिनियर - सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर) सम्बन्धित कार्यालय वा मन्त्रालय - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) सम्बन्धित मन्त्रालय वा विभागले तोकेको मन्त्रालय वा विभागको अधिकृत स्तरको प्रतिनिधि - सदस्य सचिव

(३) उपदफा २ बमोजिमको समिति गठनका लागि आˆ नो तालुक निकाय नभएका सचिवालय, आयोग वा अन्य यस्तै प्रकृतिका कार्यालयले आˆ नो सम्पर्क मन्त्रालयको प्रतिनिधि रहने गरी बढीमा पााच सदस्यीय मूल्याकन समिति गठन गरी लिलाम कार्यको स्वीकृति दिनु पर्नेछ।

१९. **निर्माण भएका भौतिक संरचना भत्काई लिलाम गराउने प्रकृयाः** (१) कार्यालयले भवन लगायतका भौतिक संरचना भत्काउनु वा हटाउनु परेमा भत्काउन लाग्ने खर्च र मालसामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटमवाइज लागत अनुमान तयार गर्नु पर्दछ।

(२) उपदफा (१) बमोजिम तयार भएको लागत अनुमान अनुसार लिलाम बिक्रीवाट प्राप्त हुन सक्ने रकम भन्दा भत्काउन लाग्ने रकम घटी भएको खण्डमा फरक रकमलाई नै न्यूनतम मूल्य मानी लिलाम बढाबढको प्रकृया अपनाउनु पर्दछ। (उदाहरणको लागि मालसामानको आइटमवाइज मूल्याङ्कन रु. १,००,०००।- कायम भएको छ र भत्काउने खर्चको अनुमान रु. ४०,०००।- भएको छ भने रु. १,००,०००।- मा रु. ४०,०००।- घटाउादा आउने रकम रु. ६०,०००।- लाई नै न्यूनतम मूल्यमानी लिलाम बढाबढको कारबाही गर्नु पर्दछ।)

(३) कार्यालयले लिलामवाट प्राप्त हुन सक्ने रकम भन्दा भत्काउन लाग्ने खर्च बढी हुन आएमा फरक रकमलाई नै अधिकतम मूल्य मानी घटाघटको कारबाही गर्नु पर्नेछ। (उदाहरणको लागि मालसामानको आइटमवाइज मूल्याङ्कन रु. २,५०,०००।- र भत्काउदा लाग्ने खर्च रु. ४,००,०००।- रहेछ भने रु. ४,००,०००।- माइनस रु २,५०,०००।- बराबर रु १,५०,०००।- बाट घटाघट सुरु गराउनु पर्नेछ।)





२०. **लिलाम बिक्रीवाट प्राप्त रकम जम्मा गर्नेः** (१) कार्यालयले लिलाम बिक्रीवाट असुल भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको राजश्व खातामा सोही दिन वा सो को भोलिपल्ट जम्मा गरी सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व रकम जम्मा गर्दा सार्वजनिक बिदा वा अन्य कारणले जम्मा गर्न नसकिएमा बैंक खुलेको पहिलो दिनभित्रै उक्त रकम जम्मा गरी सक्नु पर्नेछ।

२१. **प्रतिवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम लिलाम बिक्री भए वा नभएको सम्बन्धमा तालुक कार्यालयले बर्षको एक पटक निरीक्षण गरी सो को प्रतिवेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तालुक कार्यालयले प्रतिवेदन पेश गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई समेत दिनु पर्नेछ।

२२. **प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका बुंदाहरु प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावलीहरुसंग बाझिएमा वा संशोधन भएमा सोही ऐन तथा नियमावली अनुसार नै लिलाम कार्य गर्नु/गराउनु पर्नेछ।

## अनुसूची - १
## ह्रास कट्टी दर
**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**मालसामान घट्दो ह्रासकट्टी प्रणाली अनुसारको ह्रास कट्टी दर**

| क्र. सं. | मालसामान | दर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| **क** | **भवन** | | |
| १ | सिमेन्ट वा वज्र सुकीको जोडाई | ५ | |
| २ | माटोको जोडाई | ७ | |
| ३ | काठ वा घाँस फुसले बनेको अस्थाई | ५० | |
| **ख** | **यातायातका साधनहरु** | | |
| १ | वस, मिनिवस, ट्रक, लरी, रेल, इन्जिन, रेलको वेगन ट्रेक्टर | २० | |
| २ | कार जीप भ्यान मोटरसाईकल स्कुटर टेम्पो साइकल | १५ | |
| ३ | साईकल रिक्सा | २० | |
| ४ | जनावरको प्रयोगबाट संचालन हुने सवारी साधन र डु□ | २५ | |
| ५ | माथि नपरेको अन्य सवारी साधन | १५ | |
| **ग** | **फर्निचर** | | |
| १ | धातुको | १० | |
| २ | काठको | १५ | |
| **घ** | **यन्त्र उपकरण र औजार** | | |
| १ | क्रेन वुल्डोजर डोजर ग्रेडर रोलर ड्रम्प ट्रक र यस्तै प्रकृतिका यन्त्र उपकरण | २० | |
| २ | अन्य हलुका यन्त्र र उपकरण | १५ | |
| ३ | विद्युत सम्बन्धी यन्त्र उपकरण टेलिफोन | १५ | |
| ४ | रेफ्रिजेरेटर एयर कन्डसनर एयरकुलर र यस्तै प्रकृतिका अन्य उपकरण | १५ | |
| ५ | लि^ट एलिमेटर तथा एस्क्यालेटर | १५ | |
| ६ | कम्प्युटर तत्सम्बन्धी उपकरणहरु | २० | |
| ७ | चलचित्र निर्माण तथा प्रदर्शन सम्बन्धी यन्त्र उपकरण | २० | |
| ८ | ईटा तथा टायल बनाउने फ्रेम | २५ | |
| ९ | फाइवर र प्लाष्टिकका मालसामान बनाउने कार्यमा प्रयेग हुने यन्त्र उपकरण | १५ | |
| १० | होजियरी तथा ऊनका मालसामान बनाउने कार्यमा प्रयोग हुने यन्त्र उपकरण | १५ | |
| ११ | क्यानभास वा छालाका मालसामान सिलाई गर्ने तथा टाँस्ने यन्त्र उपकरण | १५ | |
| १२ | चिया तथा जडिबुटी कारखानामा प्रयोग हुने यन्त्र उपकरण र प्लान्ट (रोलर ड्रायर समेत | १५ | |
| १३ | जुस व्वाईलिड पेन्स (कराई) | २० | |
| १४ | उखु पेल्ने मेशीन | १५ | |
| १५ | चिकित्सा कार्यमा प्रयोग हुने औजार तथा उपकरण | १५ | |
| १६ | एक्सरे मेशीन | १५ | |
| १७ | प्रयोगशालामा प्रयोग हुने यन्त्र उपकरण | १५ | |
| १८ | कार्यालय सम्बन्धी मालसामान एवं उपकरणहरु (टाइप राइटर क्यालकुलेटर डुप्लीकेटि□मेशीन फोटोकपी मेशीन आदि) | १५ | |

## अनुसूची - २
**पूर्ण व्यहोराको सूचना**

(दफा ड को उपदफा (घ) साग सम्बन्धित )

(कार्यालयको नाम)

(ठेगाना)

**मालसामान लिलामको सूचना**

**प्रथम पटक प्रकाशित मितिः**

यस कार्यालयको पुरानो (हस्तान्तरण भई आएको) तपसिल बमोजिमका फर्निचर, कार्यालय सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति वा फर्महरुवाट यो सूचना ................. मा प्रथम पटक प्रकाशित भएको मितिले एक्काइस दिन भित्र रु १०।- को टिकट टाास गरी निवेदन बुझाउन/ल्याउन लिलाम बढाबढ आ☐वान गरिएको छ ।

१. **मालसामानको विवरणः** (यहाा सबै लिलाम हुने मालसामानको नाम ब्राण्ड नेम संक्षिप्त स्पेशिफिकेसन न्यूनतम मूल्य खुलाउनु पर्नेछ ।)

| लिलाम हुने मालसामान | शुरु खरिद साल | ब्राण्ड | स्पेशिफिकेसन | न्यूनतम मूल्य |
|---|---|---|---|---|
| चारपाग्रे सवारी साधन | २०५४ | महिन्द्रा स्कोर्पियो | २००० सिसि २००० मोडेल | २,००,०००। |
| फोटोकपी मेशिन | २०६४ | क्यानन | १८०० २५ cps | ३०,०००। |
| फर्निचर टेबल कुर्सी आदि काठको मालसामान | | | | |

२. **लिलाम बढाबढ हुने स्थान, समय र मितिः**
   (क) स्थानः-
   (ख) समयः-
   (ग) मितिः-

३. न्यनतम मूल्यबाट नै बढाबढ सुरु हुने छ ।

४. लिलाम सकार गर्न डााक बोल्नु अघि नै न्यूनतम मूल्य रु .......... को छ प्रतिशत ले हुने नगद धरौटी राख्नु पर्नेछ ।

५. लिलाम सकार गरेको मालसामान सकारेको ............ दिन भित्र आइ लैजानु पर्नेछ ।

६. लिलाम बढाबढ हुने मालसामान हेर्न चाहनेले कार्यालय समयभित्र .................शाखामा सम्पर्क गरी हेर्न सक्नेछ ।

७. **अन्य आवश्यक कुराहरुः** (कार्यालयले मुनासिव सम्झेका कुराहरु)





## अनुसूची - ३
**पत्रिकामा प्रकाशन गर्दा प्रयोग गर्नु पर्ने संक्षिप्त सूचना**

(दफा ८ को उपदफा (१) साग सम्बन्धित )

(कार्यालयको नाम)

(ठेगाना)

**मालसामान लिलामको सूचना**

**प्रथम पटक प्रकाशित मितिः**

यस कार्यालयको ............................ (फर्निचर तथा कार्यालय सामान/सवारी साधन आदि पुरानो मालसामान) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति वा फर्महरुवाट यो सूचना (प्रकाशन हुने पत्रिकाको नाम) मा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र रु १०।- को टिकट टाास गरी निवेदन बुझाउन/ल्याउन लिलाम बढाबढ आ☐वान गरिएको छ ।

१. **मालसामानको विवरणः** (यहाा सबै लिलाम हुने मालसामानको विवरण संक्षेपमा विवरण उल्लेख गर्ने जस्तै फर्निचर पुरानो कम्प्युटरहरु पुरानो गाडी जीप सिलाई मेशीन आदि ।)
   मालसामानको विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाास गरिएको छ ।

२. **लिलाम बढाबढ हुने स्थान, समय र मितिः**
   (क) स्थानः-
   (ख) समयः-
   (ग) मितिः-

३. न्यनतम मूल्यवाट नै बढाबढ शुरु हुने छ ।

४. लिलाम सकार गर्न डााक बोल्नु अघि नै न्यूनतम मूल्य रु ............. को छ प्रतिशत ले हुने नगद धरौटी राख्नु पर्नेछ ।

५. लिलाम सकार गरेको मालसामान सकारेको ............ दिन भित्र आइ लैजानु पर्नेछ ।

६. लिलाम बढाबढ हुने मालसामान हेर्न चाहनेले कार्यालय समयभित्र.............शाखामा सम्पर्क गरी हेर्न सक्नेछ ।

७. **अन्य आवश्यक कुराहरुः** (कार्यालयले मुनासिव सम्झेका कुराहरु)

अनुसूची - ४

**डाँक बढाबढको मुचुल्का**

(दफा १० को उपदफा (१) साग सम्बन्धित)

मिति.......................... समय ..........................देखि ...............................................सम्म ..................................................स्थानमा ..............................................................मालसामानहरुको डााक बढाबढ गर्दा सवै भन्दा बढी रु. ......................(अक्षेरुपी रु.........................................................) श्री .................................................................को अन्तिम डााक कवुल गरिएकोले यो मुचुल्का तयार गरिएको छ।

**रोहवर अन्तिम वोल कवुल गर्नेको दस्तखत**

१. ......................
२. ......................
३. ......................
४. ......................

**कार्यालय प्रतिनिधि**

१. .......................................
२. .......................................
३. .......................................
४. .......................................





अनुसूची - ५

**सम्झौताको नमूना**

(दफा १० को उपदफा (१) साग सम्बन्धित)

**कार्यालय र डाँक कवुल गर्ने व्यक्ति/फर्म बीचको सम्झौता**

.............(नाम) कार्यालय यस पछि "कार्यालय" भनिएको र श्री (खरिदकर्ताको नाम र ठेगाना) यस पछि "सकारकर्ता" भनिएको बीच ........................(मिति) मा भएको लिलाम बढाबढ हुादा...................... (सकारकर्ताको नाम राख्ने) ले सबैभन्दा बढी रकममा सकार गरेकाले देहायको शर्तहरु एक अर्काले मान्ने गरी यो सम्झौता गरिएको छ।

१. लिलाम बिक्री गर्ने निर्णय गरिएका मालसामानहरुको रु..................... धरौटी र बााकी रु................... प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयको ...................................... बैंकमा रहेको राजस्व खाता नं. ........................ मा जम्मा गरेको सक्कल भौचर ................ दिन भित्र कार्यालयमा बुझाइ ............... दिन भित्र मालसामान बुझि लग्नु पर्नेछ।
२. तय गरिएको अवधि भित्र दाखिला गर्नु पर्ने रकम दाखिला गरी मालसामान नलगेमा धरौटी जफत गरी नियमानुसार मालसामान बिक्री गरिने छ।
३. तय गरिएको अवधि भित्र कार्यालय समयमा मालसामान लिन आाउदा कार्यालयले शीघ्र मालसामान दिनु पर्नेछ।

| सकारकर्ताको तर्फवाट | कार्यालयको तर्फवाट |
|---|---|
| ...................... | ............................ |
| ...................... | |

**साक्षी रोहवर**

१. ............................
२. ............................

**द्रष्टव्य:**

- यो सम्झौता कार्यालयको लेटर हेडमा लेखिएको वा टाइप गरिएको हुनु पर्दछ।
- सुर्खेत जिल्लामा रहेको कार्यालय भए प्रदेश लेखा नियन्त्रक कार्यालयको राजस्व खाता नं. र अन्य जिल्लाको हकमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयको राजस्व खाता नं. उल्लेख गर्नु पर्दछ।